**बुढानीलकण्ठ नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित**

## स्थानीय राजपत्र

**खण्ड : ७** **सङ्ख्या : ६** **मिति :- २०८१।०९।२८**

**भाग-१**

# सङ्घ संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८१

## प्रस्तावना

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय स्तरमा स्थापना तथा सञ्चालन हुने सङ्घ, संस्था, क्लब, मण्डल, परिषद्, सामाजिक संस्था तथा गैरनाफामूलक संस्थाको दर्ता, नवीकरण, अभिलेख व्यवस्थापन, परिचालन, समन्वय, अनुगमन तथा नियमनलाई व्यवस्थित, पारदर्शी, जवाफदेही, समावेशी र प्रभावकारी बनाउन तथा नगरपालिकाको विकास, सामाजिक परिचालन, सेवा प्रवाह र सार्वजनिक हितका कार्यमा त्यस्ता संस्थाको सहभागिता र सहकार्यलाई प्रवर्द्धन गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (ठ) तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी बुढानीलकण्ठ नगरपालिकाको १५ औं नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम **"बुढानीलकण्ठ नगरपालिकाको सङ्घ संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८१"** रहेको छ।

(२) यो ऐन बुढानीलकण्ठ नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) **“अनुगमन”** भन्नाले सङ्घ संस्थाले यस ऐन, प्रचलित कानून, आफ्नो विधान तथा स्वीकृत उद्देश्यबमोजिम कार्य गरे नगरेको सम्बन्धमा गरिने निरीक्षण, परीक्षण, मूल्याङ्कन तथा अभिलेखीकरण सम्झनुपर्छ ।

(ख) **“ऐन”** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको सङ्घ संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८१ सम्झनुपर्छ ।

(ग) **“कार्यपालिका”** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) **“कार्यालय”** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ङ) **“तोकिएको”** वा **“तोकिएबमोजिम”** भन्नाले यस ऐनअन्तर्गत बनेको नियम, कार्यविधि, मापदण्ड वा नगरपालिकाबाट तोकिएको विषय सम्झनुपर्छ ।

(च) **“दर्ता अधिकारी”** भन्नाले यस ऐनबमोजिम सङ्घ संस्थाको दर्ता तथा नवीकरण गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत सम्झनुपर्छ ।

(छ) **“नगरपालिका”** भन्नाले बुढानीलकण्ठ नगरपालिका सम्झनुपर्छ ।

(ज) **“नवीकरण”** भन्नाले यस ऐनबमोजिम नगरपालिकामा दर्ता भएको सङ्घ संस्थाको दर्ता कायम रहने अवधि समाप्त भएपछि पुनः दर्ता कायम गर्ने कार्य सम्झनुपर्छ ।

(झ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ञ) **“विधान”** भन्नाले सङ्घ संस्थाको उद्देश्य, काम, कर्तव्य, अधिकार, सदस्यता, संगठनात्मक संरचना, आर्थिक तथा प्रशासनिक व्यवस्था लगायतका विषय समेटिएको संस्थाको विधान सम्झनुपर्छ ।

(ट) **“सङ्घ संस्था”** भन्नाले सामाजिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, शैक्षिक, वैज्ञानिक, वातावरणीय, खेलकुद, स्वास्थ्य, मानव अधिकार, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, युवा, भाषा, कला, परोपकार, सामुदायिक विकास वा अन्य गैरनाफामूलक तथा सार्वजनिक हितका उद्देश्यले स्थापना भएको क्लब, मण्डल, परिषद्, संस्था, सङ्घ वा यस्तै प्रकृतिको स्थानीय स्तरको सङ्गठित संस्था सम्झनुपर्छ ।

(ठ) **“साधारण सभा”** भन्नाले सङ्घ संस्थाको विधानबमोजिम गठन भएको सर्वोच्च निकायको बैठक सम्झनुपर्छ ।

(ड) **“स्थानीय स्तरको सङ्घ संस्था”** भन्नाले यस नगरपालिकाको भौगोलिक क्षेत्रलाई मात्र कार्यक्षेत्र बनाई स्थापना तथा सञ्चालन हुने र प्रचलित कानूनबमोजिम स्थानीय तहबाट दर्ता तथा नवीकरण हुने सङ्घ संस्था सम्झनुपर्छ ।

**३. ऐनको क्षेत्राधिकार**

(१) यस ऐनबमोजिम बुढानीलकण्ठ नगरपालिकाको भौगोलिक क्षेत्रलाई मात्र कार्यक्षेत्र बनाई सञ्चालन हुने स्थानीय स्तरका सङ्घ संस्था दर्ता तथा नवीकरण गरिनेछ ।

(२) सङ्घीय वा प्रदेश कानूनबमोजिम अन्य निकायमा दर्ता वा अनुमति लिनुपर्ने सङ्घ संस्था त्यस्तो निकायबाट आवश्यक दर्ता वा अनुमति लिएर मात्र सञ्चालन हुनुपर्नेछ ।

(३) कुनै सङ्घ संस्था विशेष विषय वा क्षेत्रका लागि प्रचलित कानूनबमोजिम सम्बन्धित नियामक निकायमा दर्ता, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो दर्ता, अनुमति वा स्वीकृतिको दायित्व यस ऐनबमोजिमको दर्ताबाट समाप्त भएको मानिने छैन ।

(४) यस ऐनको कुनै व्यवस्था प्रचलित सङ्घीय वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून लागू हुनेछ।

**४. सङ्घ संस्था सञ्चालनका आधारभूत सिद्धान्त**

सङ्घ संस्थाले देहायका सिद्धान्तको पालना गर्नुपर्नेछ :-

(क) प्रचलित कानूनको पालना,

(ख) गैरनाफामूलक तथा सार्वजनिक हितको सिद्धान्त,

(ग) पारदर्शिता तथा जवाफदेहिता,

(घ) लैङ्गिक समानता तथा सामाजिक समावेशिता,

(ङ) भेदभावरहित सदस्यता तथा सहभागिता,

(च) लोकतान्त्रिक निर्णय प्रक्रिया,

(छ) आर्थिक अनुशासन तथा वित्तीय पारदर्शिता,

(ज) वातावरण संरक्षण तथा दिगो विकास,

(झ) मानव अधिकारको सम्मान,

(ञ) नगरपालिकाको नीति, योजना तथा प्राथमिकतासँग समन्वय ।

## परिच्छेद–२

### सङ्घ संस्था दर्तासम्बन्धी व्यवस्था

**५. सङ्घ संस्था दर्ता गर्नुपर्ने**

(१) नगरपालिकाको स्थानीय क्षेत्रलाई मात्र कार्यक्षेत्र बनाई सञ्चालन हुने सङ्घ संस्था यस ऐनबमोजिम नगरपालिकामा दर्ता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता नगरी कुनै सङ्घ संस्था सञ्चालन गर्न पाइने छैन ।

(३) नगरपालिकामा दर्ता नभएको सङ्घ संस्थालाई नगरपालिकाले उपलब्ध गराउने अनुदान, सहयोग, साझेदारी वा अन्य सुविधा उपलब्ध गराइने छैन ।

**६. दर्ताका लागि निवेदन दिनुपर्ने**

(१) सङ्घ संस्था दर्ता गर्न चाहने संस्थापक सदस्यले अनुसूची १ बमोजिमको ढाँचामा दर्ता अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनका साथ देहायका कागजात संलग्न गर्नुपर्नेछ :-

(क) प्रस्तावित सङ्घ संस्थाको विधान,

(ख) संस्थापक सदस्यहरूको विवरण,

(ग) संस्थापक सदस्यहरूको नागरिकताको प्रमाणित प्रतिलिपि,

(घ) संस्थाको कार्यालय रहने स्थानको प्रमाण,

(ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(च) संस्थाको उद्देश्य तथा कार्यक्षेत्रको विवरण,

(छ) प्रारम्भिक साधारण सभा वा संस्थापक भेलाको निर्णय,

(ज) कार्यसमितिको विवरण,

(झ) तोकिएको दस्तुर बुझाएको रसिद,

(ञ) प्रचलित कानूनबमोजिम आवश्यक अन्य कागजात।

**७. संस्थाको नामसम्बन्धी व्यवस्था**

(१) प्रस्तावित संस्थाको नाम प्रचलित कानून, सार्वजनिक मर्यादा, राष्ट्रिय हित वा सामाजिक सद्भाव प्रतिकूल हुने गरी राख्न पाइने छैन ।

(२) नगरपालिकामा पहिले नै दर्ता भएको संस्थासँग मिल्दोजुल्दो वा भ्रम उत्पन्न हुने नाममा अर्को संस्था दर्ता गर्न पाइने छैन ।

(३) कुनै सरकारी निकाय, संवैधानिक निकाय वा सार्वजनिक संस्थाको नाम, पद वा प्रतीकसँग भ्रम उत्पन्न हुने नाम प्रयोग गर्न पाइने छैन ।

(४) संस्थाको नाममा “नेपाल”, “राष्ट्रिय”, “सरकारी”, “नगरपालिका”, “मन्त्रालय”, “आयोग” जस्ता शब्द प्रयोग गर्दा प्रचलित कानूनबमोजिम आवश्यक स्वीकृति लिनुपर्नेछ।

**८. विधानमा समावेश गर्नुपर्ने विषय**

सङ्घ संस्थाको विधानमा कम्तीमा देहायका विषय समावेश हुनुपर्नेछ :-

(क) संस्थाको नाम र ठेगाना,

(ख) उद्देश्य,

(ग) कार्यक्षेत्र,

(घ) सदस्यताको योग्यता तथा वर्गीकरण,

(ङ) सदस्यता प्राप्ति, निलम्बन तथा समाप्ति,

(च) साधारण सभासम्बन्धी व्यवस्था,

(छ) कार्यसमिति गठन, पदाधिकारीको सङ्ख्या तथा पदावधि,

(ज) कार्यसमितिको काम, कर्तव्य र अधिकार,

(झ) बैठक तथा निर्णय प्रक्रिया,

(ञ) आर्थिक स्रोत तथा सम्पत्ति सम्बन्धी व्यवस्था,

(ट) बैंक खाता सञ्चालन,

(ठ) लेखा तथा लेखापरीक्षण,

(ड) निर्वाचन सम्बन्धी व्यवस्था,

(ढ) विधान संशोधन,

(ण) संस्थाको विघटन तथा सम्पत्ति हस्तान्तरण,

(त) अन्य आवश्यक विषय।

**९. दर्ता गर्ने वा नगर्ने**

(१) दफा ६ बमोजिम प्राप्त निवेदन तथा कागजात जाँच गर्दा यस ऐन र प्रचलित कानूनबमोजिम दर्ता गर्न मिल्ने देखिएमा दर्ता अधिकारीले सङ्घ संस्था दर्ता गरी प्रमाणपत्र दिनुपर्नेछ।

(२) प्रस्तावित संस्थाको उद्देश्य वा विधान प्रचलित कानूनविपरीत देखिएमा दर्ता अधिकारीले आवश्यक संशोधन गर्न निवेदकलाई सूचना दिन सक्नेछ।

(३) तोकिएको अवधिभित्र आवश्यक संशोधन नगरेमा दर्ता गर्न अस्वीकार गर्न सकिनेछ।

(४) दर्ता गर्न अस्वीकार गरिएमा त्यसको कारण खुलाई लिखित जानकारी दिनुपर्नेछ।

**१०. दर्ता प्रमाणपत्र**

(१) यस ऐनबमोजिम दर्ता भएको सङ्घ संस्थालाई अनुसूची २ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र प्रदान गरिनेछ ।

(२) दर्ता प्रमाणपत्रमा संस्थाको–

(क) नाम,

(ख) दर्ता नम्बर,

(ग) दर्ता मिति,

(घ) कार्यक्षेत्र,

(ङ) मुख्य उद्देश्य,

(च) कार्यालयको ठेगाना,

(छ) दर्ताको बहाल अवधि खुलाउनुपर्नेछ।

**११. दर्ताको अवधि**

(१) यस ऐनबमोजिम दर्ता भएको सङ्घ संस्थाको दर्ता अवधि एक आर्थिक वर्ष कायम रहनेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि समाप्त भएपछि यस ऐनबमोजिम नवीकरण गराउनुपर्नेछ ।

# परिच्छेद–३

## नवीकरणसम्बन्धी व्यवस्था

**१२. नवीकरण गर्नुपर्ने**

(१) नगरपालिकामा दर्ता भएको सङ्घ संस्थाले प्रत्येक आर्थिक वर्षमा तोकिएको अवधिभित्र आफ्नो दर्ता नवीकरण गर्नुपर्नेछ ।

(२) नवीकरणका लागि देहायका कागजात पेश गर्नुपर्नेछ :–

(क) नवीकरणको निवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको वार्षिक प्रगति प्रतिवेदन,

(ग) लेखापरीक्षण प्रतिवेदन,

(घ) वार्षिक आय–व्यय विवरण,

(ङ) साधारण सभा सम्पन्न भएको प्रमाण,

(च) कार्यसमिति तथा पदाधिकारीको अद्यावधिक विवरण,

(छ) करसम्बन्धी प्रमाणपत्र तथा विवरण,

(ज) तोकिएको नवीकरण दस्तुर बुझाएको रसिद,

(झ) अन्य आवश्यक कागजात ।

**१३. ढिलो नवीकरण**

(१) तोकिएको अवधिभित्र नवीकरण नगराउने संस्थाले तोकिएको अतिरिक्त शुल्कसहित नवीकरण गर्न सक्नेछ।

(२) लगातार दुई आर्थिक वर्षसम्म नवीकरण नगराएको संस्थालाई नगरपालिकाले निष्क्रिय संस्थाको सूचीमा राख्न सक्नेछ।

(३) लगातार तीन आर्थिक वर्षसम्म नवीकरण नगर्ने संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सकिनेछ।

**१४. नवीकरण अस्वीकार गर्न सकिने**

देहायको अवस्थामा सङ्घ संस्थाको नवीकरण अस्वीकार गर्न सकिनेछ :–

(क) संस्थाले प्रचलित कानून उल्लङ्घन गरेको प्रमाणित भएमा,

(ख) संस्थाको उद्देश्यविपरीत कार्य गरेको भएमा,

(ग) झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा,

(घ) लगातार साधारण सभा नगरेको भएमा,

(ङ) लेखापरीक्षण नगरेको भएमा,

(च) आर्थिक हिनामिना वा अनियमितता भएको देखिएमा,

(छ) संस्थाले नगरपालिकाबाट दिइएको वैधानिक निर्देशनको पालना नगरेमा,

(ज) अन्य प्रचलित कानूनबमोजिम नवीकरण गर्न नमिल्ने अवस्था भएमा।

## परिच्छेद–४

### सङ्घ संस्थाको सञ्चालन तथा व्यवस्थापन

**१५. साधारण सभा गर्नुपर्ने**

(१) प्रत्येक सङ्घ संस्थाले आफ्नो विधानबमोजिम कम्तीमा वर्षमा एक पटक साधारण सभा गर्नुपर्नेछ।

(२) साधारण सभाले कम्तीमा देहायका विषयमा निर्णय गर्नुपर्नेछ :–

(क) वार्षिक कार्यक्रम तथा बजेट,

(ख) वार्षिक प्रगति प्रतिवेदन,

(ग) आय–व्यय विवरण,

(घ) लेखापरीक्षण प्रतिवेदन,

(ङ) आगामी वर्षको कार्ययोजना,

(च) कार्यसमिति तथा पदाधिकारीको निर्वाचन वा अनुमोदन,

(छ) अन्य आवश्यक विषय।

**१६. कार्यसमिति**

(१) प्रत्येक सङ्घ संस्थामा विधानबमोजिम कार्यसमिति रहनेछ।

(२) कार्यसमितिको पदावधि, सङ्ख्या, निर्वाचन तथा पदाधिकारीको अधिकार विधानमा व्यवस्था भएबमोजिम हुनेछ।

(३) एउटै व्यक्ति लगातार तोकिएको पदावधिभन्दा बढी अवधिसम्म अध्यक्ष वा प्रमुख कार्यकारी पदमा रहने व्यवस्था गर्न पाइने छैन ।

(४) संस्थाको कार्यसमितिमा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, युवा तथा अन्य सीमान्तकृत समुदायको समावेशी सहभागिता प्रवर्द्धन गर्नुपर्नेछ।

**१७. संस्थाको कार्यालय**

(१) सङ्घ संस्थाले नगरपालिकामा आफ्नो स्थायी कार्यालय स्थापना गर्नुपर्नेछ ।

(२) कार्यालयको ठेगाना परिवर्तन भएमा पन्ध्र दिनभित्र नगरपालिकालाई जानकारी गराउनुपर्नेछ ।

(३) संस्थाले कार्यालयमा आफ्नो दर्ता प्रमाणपत्र, विधान तथा अन्य आवश्यक अभिलेख सुरक्षित राख्नुपर्नेछ।

**१८. संस्थाको सम्पत्ति**

(१) सङ्घ संस्थाको सम्पत्ति संस्थाको नाममा रहनेछ ।

(२) कुनै पदाधिकारी वा सदस्यले संस्थाको सम्पत्ति व्यक्तिगत प्रयोजनमा प्रयोग गर्न पाउने छैन ।

(३) संस्थाको सम्पत्ति बेचबिखन, हस्तान्तरण, धितो वा अन्य प्रकारले भारयुक्त बनाउन विधान तथा प्रचलित कानूनबमोजिम आवश्यक निर्णय तथा स्वीकृति लिनुपर्नेछ ।

## परिच्छेद–५

### आर्थिक प्रशासन तथा पारदर्शिता

**१९. बैंक खाता सञ्चालन**

(१) सङ्घ संस्थाले आफ्नो नाममा बैंक खाता खोल्नुपर्नेछ।

(२) बैंक खाता कम्तीमा दुई जना पदाधिकारीको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुने व्यवस्था गर्नुपर्नेछ।

(३) संस्थाको रकम व्यक्तिगत खातामा जम्मा गर्न वा व्यक्तिगत प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

**२०. आयका स्रोत**

सङ्घ संस्थाको आयका स्रोत देहायबमोजिम हुन सक्नेछन्:–

(क) सदस्यता शुल्क,

(ख) नवीकरण तथा सेवा शुल्क,

(ग) दान तथा सहयोग,

(घ) स्वीकृत परियोजना तथा कार्यक्रमबाट प्राप्त रकम,

(ङ) नगरपालिकाबाट प्राप्त अनुदान,

(च) सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त सहयोग,

(छ) प्रचलित कानूनबमोजिम प्राप्त अन्य रकम।

**२१. लेखा राख्नुपर्ने**

(१) प्रत्येक सङ्घ संस्थाले आफ्नो आय–व्ययको प्रचलित लेखा प्रणालीबमोजिम लेखा राख्नुपर्नेछ।

(२) संस्थाले वार्षिक आर्थिक विवरण तयार गर्नुपर्नेछ।

(३) संस्थाले सम्पत्ति, दायित्व, आय तथा व्ययको अद्यावधिक अभिलेख राख्नुपर्नेछ।

**२२. लेखापरीक्षण**

(१) प्रत्येक सङ्घ संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण प्रचलित कानूनबमोजिम इजाजतप्राप्त लेखापरीक्षकबाट गराउनुपर्नेछ।

(२) लेखापरीक्षण प्रतिवेदन नगरपालिकामा नवीकरणको समयमा पेश गर्नुपर्नेछ।

(३) नगरपालिकाले आवश्यक देखेमा संस्थाको आर्थिक कारोबारको विशेष लेखापरीक्षण गराउन सक्नेछ।

**२३. प्रशासनिक खर्चको सीमा**

नगरपालिकाबाट अनुदान वा सहयोग प्राप्त गर्ने सङ्घ संस्थाले त्यस्तो रकम स्वीकृत कार्यक्रमबाहेक अन्य प्रयोजनमा खर्च गर्न पाउने छैन।

## परिच्छेद–६

### सङ्घ संस्थाको परिचालन तथा नगरपालिकासँग समन्वय

**२४. सङ्घ संस्थाको परिचालन**

नगरपालिकाले सङ्घ संस्थालाई देहायका क्षेत्रमा परिचालन तथा समन्वय गर्न सक्नेछ :–

(क) सामाजिक विकास,

(ख) शिक्षा तथा स्वास्थ्य,

(ग) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक,

(घ) युवा तथा खेलकुद,

(ङ) वातावरण तथा सरसफाइ,

(च) विपद् व्यवस्थापन,

(छ) गरिबी न्यूनीकरण,

(ज) सीप तथा रोजगारी प्रवर्द्धन,

(झ) मानव अधिकार तथा सामाजिक न्याय,

(ञ) संस्कृति, कला तथा सम्पदा संरक्षण,

(ट) सामुदायिक विकास,

(ठ) अन्य नगर विकासका प्राथमिकताका क्षेत्र।

**२५. नगरपालिकासँग समन्वय गर्नुपर्ने**

(१) नगरपालिकाभित्र सञ्चालन हुने ठूला सार्वजनिक कार्यक्रम, अभियान, परियोजना वा सामाजिक परिचालनका कार्यक्रम सञ्चालन गर्दा सङ्घ संस्थाले नगरपालिकासँग आवश्यक समन्वय गर्नुपर्नेछ।

(२) नगरपालिकाले आवश्यक ठानेमा संस्थाबाट कार्यक्रमको पूर्व जानकारी, स्वीकृत कार्ययोजना तथा प्रगति विवरण माग गर्न सक्नेछ।

**२६. वार्षिक कार्ययोजना पेश गर्नुपर्ने**

नगरपालिकाबाट अनुदान, साझेदारी वा सहयोग प्राप्त गर्ने सङ्घ संस्थाले प्रत्येक आर्थिक वर्षको प्रारम्भमा आफ्नो वार्षिक कार्ययोजना नगरपालिकामा पेश गर्नुपर्नेछ।

**२७. नगरपालिकासँग साझेदारी**

(१) नगरपालिकाले सार्वजनिक हितका कार्यक्रम सञ्चालन गर्न सङ्घ संस्थासँग साझेदारी गर्न सक्नेछ।

(२) साझेदारी गर्दा देहायका विषय स्पष्ट गर्नुपर्नेछ :-

(क) कार्यक्रमको उद्देश्य,

(ख) जिम्मेवारी,

(ग) लागत तथा स्रोत,

(घ) कार्यान्वयन अवधि,

(ङ) अनुगमन तथा मूल्याङ्कन,

(च) प्रतिवेदन,

(छ) सम्पत्तिको स्वामित्व तथा व्यवस्थापन।

## परिच्छेद–७

### अनुदान तथा सहयोग

**२८. अनुदान प्रदान गर्न सकिने**

नगरपालिकाले स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही सार्वजनिक हितमा कार्य गर्ने दर्ता तथा नवीकरण भएका सङ्घ संस्थालाई तोकिएको मापदण्डका आधारमा अनुदान उपलब्ध गराउन सक्नेछ।

**२९. अनुदानका प्राथमिकता**

अनुदान प्रदान गर्दा देहायका क्षेत्रलाई प्राथमिकता दिइनेछ :-

(क) विपन्न तथा लक्षित वर्ग,

(ख) महिला तथा बालबालिका,

(ग) ज्येष्ठ नागरिक,

(घ) अपाङ्गता भएका व्यक्ति,

(ङ) युवा तथा खेलकुद,

(च) शिक्षा तथा स्वास्थ्य,

(छ) वातावरण संरक्षण,

(ज) विपद् व्यवस्थापन,

(झ) सीप विकास तथा रोजगारी,

(ञ) सामाजिक सद्भाव तथा सांस्कृतिक संरक्षण,

(ट) नगरपालिकाको आवधिक तथा वार्षिक योजनामा प्राथमिकता प्राप्त क्षेत्र।

**३०. अनुदानको सदुपयोग**

(१) अनुदान प्राप्त गर्ने संस्थाले स्वीकृत प्रयोजनमा मात्र रकम खर्च गर्नुपर्नेछ।

(२) अनुदानको दुरुपयोग भएमा नगरपालिकाले रकम असुल गर्न, आगामी अनुदान रोक्न तथा प्रचलित कानूनबमोजिम कारबाही गर्न सक्नेछ।

## परिच्छेद–८

### अनुगमन, नियमन तथा अभिलेख

**३१. अनुगमन तथा निरीक्षण**

(१) नगरपालिकाले सङ्घ संस्थाको काम, गतिविधि, आर्थिक कारोबार तथा उद्देश्य कार्यान्वयनको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) अनुगमनका क्रममा संस्थाले आवश्यक कागजात, अभिलेख तथा सूचना उपलब्ध गराउनुपर्नेछ।

**३२. अभिलेख व्यवस्थापन**

(१) नगरपालिकाले नगर क्षेत्रभित्र दर्ता भएका सबै सङ्घ संस्थाको डिजिटल तथा भौतिक अभिलेख राख्नेछ।

(२) अभिलेखमा कम्तीमा देहायका विवरण राखिनेछ :–

(क) संस्थाको नाम,

(ख) दर्ता नम्बर,

(ग) ठेगाना,

(घ) उद्देश्य,

(ङ) कार्यक्षेत्र,

(च) पदाधिकारीको विवरण,

(छ) नवीकरणको अवस्था,

(ज) वार्षिक प्रतिवेदन,

(झ) लेखापरीक्षण प्रतिवेदन,

(ञ) अनुदान तथा सहयोगको विवरण,

(ट) अनुगमन तथा नियमनसम्बन्धी विवरण।

**३३. सूचना सार्वजनिक गर्नुपर्ने**

नगरपालिकाले प्रचलित कानूनबमोजिम गोप्य राख्नुपर्नेबाहेक सङ्घ संस्थाको नाम, दर्ता नम्बर, ठेगाना, उद्देश्य, नवीकरणको अवस्था तथा अन्य आवश्यक विवरण आफ्नो वेबसाइट वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्न सक्नेछ।

**३४. विवरण अद्यावधिक गर्नुपर्ने**

सङ्घ संस्थाले आफ्नो पदाधिकारी, ठेगाना, विधान, उद्देश्य, बैंक खाता तथा अन्य महत्वपूर्ण विवरणमा परिवर्तन भएमा तोकिएको अवधिभित्र नगरपालिकालाई जानकारी गराई अभिलेख अद्यावधिक गराउनुपर्नेछ।

## परिच्छेद–९

### विधान संशोधन, कार्यक्षेत्र तथा नाम परिवर्तन

**३५. विधान संशोधन**

(१) सङ्घ संस्थाले आफ्नो विधान संशोधन गर्न साधारण सभाबाट निर्णय गर्नुपर्नेछ।

(२) विधान संशोधन भएपछि तोकिएको कागजातसहित नगरपालिकामा स्वीकृतिका लागि पेश गर्नुपर्नेछ।

(३) प्रचलित कानून वा यस ऐनविपरीत हुने गरी विधान संशोधन गर्न पाइने छैन।

**३६. संस्थाको नाम वा उद्देश्य परिवर्तन**

(१) संस्थाको नाम, उद्देश्य वा कार्यक्षेत्र परिवर्तन गर्नुपरेमा साधारण सभाबाट निर्णय गरी नगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ।

(२) संस्थाको उद्देश्य परिवर्तन गर्दा संस्था स्थापना हुँदाको मूल प्रकृति परिवर्तन हुने गरी गर्न पाइने छैन।

## परिच्छेद–१०

### कारबाही, निलम्बन तथा खारेजी

**३७. चेतावनी दिन सक्ने**

सङ्घ संस्थाले यस ऐन, प्रचलित कानून वा आफ्नो विधान उल्लङ्घन गरेमा नगरपालिकाले सुधार गर्न निश्चित अवधि तोकी चेतावनी दिन सक्नेछ।

**३८. दर्ता निलम्बन**

देहायको अवस्थामा नगरपालिकाले सङ्घ संस्थाको दर्ता निलम्बन गर्न सक्नेछ :–

(क) प्रचलित कानूनको गम्भीर उल्लङ्घन गरेमा,

(ख) संस्थाको उद्देश्यविपरीत कार्य गरेमा,

(ग) आर्थिक अनियमितता गरेको देखिएमा,

(घ) झुट्टा विवरण पेश गरेमा,

(ङ) नगरपालिकाको वैधानिक निर्देशन पालना नगरेमा,

(च) लगातार नवीकरण नगरेमा,

(छ) संस्थाको नाममा गैरकानूनी गतिविधि सञ्चालन गरेमा।

**३९. स्पष्टीकरणको मौका दिनुपर्ने**

दफा ३७ वा ३८ बमोजिम कारबाही गर्नुअघि सम्बन्धित संस्थालाई मनासिब समय दिई लिखित स्पष्टीकरण पेश गर्ने मौका दिनुपर्नेछ।

**४०. दर्ता खारेज गर्न सकिने**

देहायको अवस्थामा सङ्घ संस्थाको दर्ता खारेज गर्न सकिनेछ :-

(क) संस्थाले स्वेच्छाले विघटन हुने निर्णय गरेमा,

(ख) लगातार तीन आर्थिक वर्षसम्म नवीकरण नगरेमा,

(ग) उद्देश्यविपरीत वा गैरकानूनी कार्य गरेको प्रमाणित भएमा,

(घ) झुट्टा कागजात वा विवरणका आधारमा दर्ता भएको प्रमाणित भएमा,

(ङ) आर्थिक हिनामिना वा सम्पत्ति दुरुपयोग गरेको प्रमाणित भएमा,

(च) संस्था सञ्चालनमा नरहेको प्रमाणित भएमा,

(छ) प्रचलित कानूनबमोजिम खारेज गर्नुपर्ने अवस्था भएमा।

**४१. सम्पत्ति व्यवस्थापन**

(१) सङ्घ संस्था विघटन वा दर्ता खारेज भएपछि संस्थाको सम्पत्ति सम्बन्धमा प्रचलित कानून र संस्थाको विधानबमोजिम व्यवस्था हुनेछ।

(२) संस्थाको सम्पत्ति संस्थाका सदस्य वा पदाधिकारीबीच बाँडफाँट गर्न पाइने छैन।

(३) प्रचलित कानूनमा अन्यथा व्यवस्था नभएको अवस्थामा बाँकी सम्पत्ति सार्वजनिक हितमा प्रयोग हुने गरी नगरपालिकाको स्वामित्वमा हस्तान्तरण गर्न सकिनेछ।

## परिच्छेद-११

### कसूर तथा सजाय

**४२. कसूर गरेको मानिने**

देहायको कार्य गरेमा यस ऐनबमोजिम कसूर गरेको मानिनेछ :-

(क) दर्ता नगरी संस्था सञ्चालन गरेमा,

(ख) झुट्टा विवरण पेश गरी दर्ता वा नवीकरण गरेमा,

(ग) संस्थाको रकम वा सम्पत्ति हिनामिना गरेमा,

(घ) संस्थाको नाममा व्यक्तिगत लाभ लिएमा,

(ङ) अनुदानको दुरुपयोग गरेमा,

(च) नगरपालिकालाई झुट्टा विवरण वा गलत प्रतिवेदन पेश गरेमा,

(छ) नगरपालिकाबाट गरिएको अनुगमनमा बाधा पुऱ्याएमा।

**४३. सजाय**

(१) दफा ४२ बमोजिमको कसूरको प्रकृति हेरी नगरपालिकाले–

(क) चेतावनी दिने,

(ख) सुधार गर्न निर्देशन दिने,

(ग) जरिवाना गर्ने,

(घ) अनुदान रोक्का गर्ने,

(ङ) निलम्बन गर्ने,

(च) दर्ता खारेज गर्ने

जस्ता कारबाही गर्न सक्नेछ।

(२) यस ऐनबमोजिमको कसूर अन्य प्रचलित कानूनबमोजिम समेत कसूर हुने भएमा त्यस्तो कानूनबमोजिम कारबाही गर्न बाधा पर्ने छैन।

## परिच्छेद–१२

### पुनरावेदन तथा विविध

**४४. पुनरावेदन**

(१) दर्ता, नवीकरण, निलम्बन वा खारेजीसम्बन्धी निर्णयउपर चित्त नबुझ्ने सङ्घ संस्थाले निर्णय भएको मितिले पैंतीस दिनभित्र नगर प्रमुखसमक्ष पुनरावेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको पुनरावेदनमाथि आवश्यक जाँचबुझ गरी नगर प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ।

(३) प्रचलित कानूनमा पुनरावेदन सम्बन्धी छुट्टै व्यवस्था भएको विषयमा सोहीबमोजिम हुनेछ।

**४५. अधिकार प्रत्यायोजन**

नगर प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यक अधिकार मातहतका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

**४६. सेवा शुल्क तथा दस्तुर**

यस ऐनबमोजिम सङ्घ संस्था दर्ता, नवीकरण, प्रमाणपत्रको प्रतिलिपि, अभिलेख अद्यावधिक तथा अन्य सेवा प्रदान गर्दा नगरपालिकाले आर्थिक ऐनमा तोकेबमोजिम सेवा शुल्क तथा दस्तुर लिन सक्नेछ।

**४७. सहजीकरण तथा क्षमता विकास**

नगरपालिकाले सङ्घ संस्थाको क्षमता विकासका लागि देहायका कार्य गर्न सक्नेछ :–

(क) संस्थागत सुशासनसम्बन्धी तालिम,

(ख) लेखा तथा वित्तीय व्यवस्थापनसम्बन्धी तालिम,

(ग) नेतृत्व तथा व्यवस्थापन विकास,

(घ) परियोजना प्रस्ताव तथा व्यवस्थापनसम्बन्धी तालिम,

(ङ) सामाजिक परिचालन तथा स्वयंसेवा विकास,

(च) सूचना प्रविधि तथा डिजिटल अभिलेख व्यवस्थापन,

(छ) अन्य आवश्यक क्षमता विकास कार्यक्रम।

**४८. स्वयंसेवा परिचालन**

नगरपालिकाले विपद् व्यवस्थापन, सरसफाइ, वातावरण संरक्षण, जनचेतना, सामाजिक सेवा तथा सार्वजनिक हितका कार्यमा सङ्घ संस्थाका स्वयंसेवक परिचालन गर्न सक्नेछ।

**४९. नगरस्तरीय सङ्घ संस्था समन्वय समिति**

(१) नगरपालिकाभित्र कार्यरत सङ्घ संस्थासँग समन्वय, सहकार्य तथा परिचालन गर्न नगरपालिकाले आवश्यकतानुसार एक सङ्घ संस्था समन्वय समिति गठन गर्न सक्नेछ।

(२) समितिको गठन, काम, कर्तव्य, अधिकार तथा बैठकसम्बन्धी व्यवस्था कार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

**५०. सङ्घ संस्था वर्गीकरण**

नगरपालिकाले सङ्घ संस्थालाई देहायका आधारमा वर्गीकरण गर्न सक्नेछ :-

(क) सामाजिक विकास,

(ख) शिक्षा,

(ग) स्वास्थ्य,

(घ) महिला तथा बालबालिका,

(ङ) युवा तथा खेलकुद,

(च) संस्कृति तथा सम्पदा,

(छ) वातावरण,

(ज) विपद् व्यवस्थापन,

(झ) मानव अधिकार तथा सामाजिक न्याय,

(ञ) आर्थिक तथा उद्यमशीलता विकास,

(ट) अन्य सार्वजनिक हितका क्षेत्र।

**५१. वार्षिक प्रतिवेदन**

(१) प्रत्येक सङ्घ संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफ्नो वार्षिक प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ।

(२) प्रतिवेदनमा कम्तीमा देहायका विषय समावेश गर्नुपर्नेछ :-

(क) संस्थाको उद्देश्यअनुसार सम्पन्न कार्यक्रम,

(ख) लाभग्राहीको विवरण,

(ग) उपलब्धि तथा प्रभाव,

(घ) आय-व्यय विवरण,

(ङ) लेखापरीक्षणको अवस्था,

(च) आगामी वर्षको कार्ययोजना।

**५२. सङ्घ संस्थाको एकीकृत तथ्याङ्क**

नगरपालिकाले नगर क्षेत्रभित्र कार्यरत सङ्घ संस्थाको क्षेत्रगत, विषयगत तथा भौगोलिक तथ्याङ्क तयार गरी वार्षिक रूपमा अद्यावधिक गर्न सक्नेछ।

**५३. नियम, निर्देशिका तथा मापदण्ड बनाउन सक्ने**

यस ऐनको कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।

**५४. बाधा अड्काउ फुकाउने अधिकार**

यस ऐनको कार्यान्वयनमा कुनै व्यावहारिक बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले प्रचलित कानूनको प्रतिकूल नहुने गरी त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ।

**५५. बचाउ**

(१) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम नगरपालिकामा दर्ता भएका स्थानीय स्तरका सङ्घ संस्था यस ऐनबमोजिम दर्ता भएको मानिनेछन्।

(२) उपदफा (१) बमोजिमका संस्थाले यस ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र आफ्नो विवरण, विधान तथा अभिलेख यस ऐनबमोजिम अद्यावधिक गराउनुपर्नेछ।

(३) यस ऐन प्रारम्भ हुनुअघि भएका दर्ता तथा नवीकरणसम्बन्धी काम कारबाही यसै ऐनबमोजिम भएको मानिनेछ, तर प्रचलित कानूनसँग बाझिएको विषयमा प्रचलित कानून लागू हुनेछ।

**५६. खारेजी र बचाउ**

(१) यस ऐनको उद्देश्यसँग सम्बन्धित विषयमा नगरपालिकाले यसअघि जारी गरेका कार्यविधि, निर्देशिका वा अन्य कानूनी व्यवस्था यस ऐन प्रारम्भ भएपछि यस ऐनसँग बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ।

(२) उपदफा (१) बमोजिम निष्क्रिय भएको व्यवस्थाबमोजिम भए गरेका काम कारबाही यस ऐनबमोजिम भए गरेको मानिनेछ।

## अनुसूची–१

**(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)**
**सङ्घ संस्था दर्ताको निवेदनको ढाँचा**

श्रीमान् दर्ता अधिकारीज्यू,
बुढानीलकण्ठ नगरपालिका, काठमाडौं।

विषय : सङ्घ संस्था दर्ता गरिपाऊँ ।

प्रचलित कानून तथा बुढानीलकण्ठ नगरपालिकाको सङ्घ संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८१ बमोजिम देहायको सङ्घ संस्था दर्ता गर्न आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु/छौँ ।

**१. संस्थाको प्रस्तावित नाम** : ....................
**२. संस्थाको कार्यालय** : ....................
**३. संस्थाको उद्देश्य** : ....................
**४. कार्यक्षेत्र : बुढानीलकण्ठ नगरपालिका**
**५. संस्थापक सदस्य** सङ्ख्या : ....................
**६. सम्पर्क व्यक्ति** : ....................
**७. सम्पर्क नम्बर** : ....................

संलग्न कागजात :
१. विधान
२. संस्थापक सदस्यहरूको विवरण
३. नागरिकताको प्रतिलिपि
४. वडा सिफारिस
५. प्रारम्भिक भेलाको निर्णय
६. कार्यालयको प्रमाण
७. दस्तुर बुझाएको रसिद
८. अन्य आवश्यक कागजात

निवेदकको,
नाम : ....................
पद : ....................
दस्तखत : ....................
मिति : ....................

**अनुसूची–२**
**(दफा १० को उपदफा (१) सँग सम्बन्धित)**
**सङ्घ संस्था दर्ता प्रमाणपत्र**

बुढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौंडा, काठमाडौं

सङ्घ संस्था दर्ता प्रमाणपत्र

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा बुढानीलकण्ठ नगरपालिकाको सङ्घ संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८१ बमोजिम "..........................................." नामक सङ्घ संस्था यस नगरपालिकामा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

दर्ता नं. : ....................
दर्ता मिति : ....................
कार्यक्षेत्र : बुढानीलकण्ठ नगरपालिका
कार्यालय : ....................
दर्ता बहाल रहने अवधि : ....................

प्रमुख प्रशासकीय अधिकृत/दर्ता अधिकारी
दस्तखत : ....................
मिति : ....................

# अनुसूची–३

## नवीकरण प्रमाणपत्र

सङ्घ संस्था दर्ता नं. : .................

उपर्युक्त सङ्घ संस्थाले बुढानीलकण्ठ नगरपालिकाको सङ्घ संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८१ बमोजिम आवश्यक कागजात पेश गरी आर्थिक वर्ष ................. को लागि दर्ता नवीकरण गराएको व्यहोरा प्रमाणित गरिन्छ ।

नवीकरण मिति : .................
बहाल रहने अवधि : .................
नवीकरण दस्तुर : .................

दर्ता अधिकारी
बुढानीलकण्ठ नगरपालिका

**प्रमाणीकरण मिति : २०८१।०९।२६**

आज्ञाले,
तुल्सीराम अर्याल
**प्रमुख प्रशासकीय अधिकृत**